आज मिति २०७८/५/३१ गते विहीबारका दिन जिल्ला समन्वय समितिका प्रमुख श्री सोमनाथ पोर्तेलज्यूको अध्यक्षता तथा निम्न उपस्थितिमा मिति २०७८/६/२, ३ र ४ गते संविधान दिवस मनाउने सम्बन्धमा छलफल गर्न बैठक वसी निम्नानुसार निर्णय गरियो ।

निर्णय नं. १- संविधान दिवस २०७८ लाई भव्य र हर्सोल्लासकासाथ मिति २०७८/६/२ गते देखि ४ गते सम्म मनाउन झापा जिल्लामा देहाय बमोजिमका कार्यक्रमहरु आयोजना गर्ने निर्णय गरियो ।

क. मिति २०७८/६/२ गते सबै कार्यालयहरुमा कार्यालय परिसर सरसफाइ र साँझमा दीपावली गर्ने, साथै चोक, मठमन्दिर, गुम्बा, चर्च, गुरुद्वार, मस्जिदहरुमा सरसफाइ र दीपावली गर्ने ।

ख. "संविधान कार्यान्वयनको ६ बर्ष र लोकतन्त्र" विषयक अन्तर मा.वि. निवन्ध प्रतियोगिता सञ्चालन गर्ने, सोका लागि झापा जिल्ला भित्रका माध्यामिक विद्यालयहरुबाट बढिमा २ वटा (छात्र र छात्राको) लिखित निवन्ध (१००० शव्द नबढाई) संकलन गर्न आवश्यक व्यवस्थापनको लागि शिक्षा तथा समन्वय इकाइले गर्ने, साथै प्राप्त हुन आएका निवन्धहरुको मूल्याङकन गरी नतिजा प्रकाशन गर्न शिक्षा तथा समन्वय इकाइका प्रमुखको संयोजकत्वमा मेची बहुमुखी क्याम्पस र वीरेन्द्र नूमना क्याम्पसका विषय विज्ञ रहेको समिति गठन गर्ने र उक्त समितिले मिति २०७८/६/४ गते भित्र मूल्याङकन सम्पन्न गरी जिल्ला समन्वय समितिमा पेश गर्ने ।

ग. उक्त निवन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने निवन्धलाई उपयुक्त समयमा विशेष कार्यक्रम आयोजना गरी क्रमशः रु १५०००।००, रु १००००।०० र ५०००।०० र प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्थापन जिल्ला समन्वय समितिले गर्ने । पुरस्कृत भएका निवन्धहरुलाई सरकारी कार्यालयका वेवसाइटहरुमा प्रकाशनको व्यवस्था मिलाइने ।

घ. मिति २०७८/६/३ गते विहान ९ बजे झापा कारागारमा रहेका पुरुष कैदीबन्दी र महिला कैदीबन्दीलाई खेलकुदका सामग्री हस्तान्तरण गर्ने । सोको व्यवस्थापनका लागि भद्रपुर नगरपालिकालाई आग्रह गर्ने ।

ङ. मिति २०७८/६/३ गते साँझ ट्रेड युनियन चोकमा दीप प्रज्वलन कार्यक्रम आयोजना गर्ने । सोको व्यवस्थापन जिल्ला प्रशासन कार्यालयले गर्ने ।

च. कर्मचारी मिलन केन्द्रको व्यवस्थापनमा मिति २०७८/६/४ गते विहान ८ बजे मेची अञ्चल अस्पतालमा रहेका विरामीहरुलाई फलफुल वितरण गर्ने ।

छ. विभिन्न कार्यक्रम आयोजना गरी संविधान दिवस भव्य र हर्सोल्लासका साथ मनाउन सवै स्थानीय तहहरु, सामाजिक, धार्मिक, संघसस्थाहरु र आमनागरिकलाई आह्वान गर्ने ।